# ३९ औं राष्ट्रिय शिक्षा दिवस तथा ५२ औ.अन्तर्राष्ट्रिय साक्षरता दिवस सम्पन्न

"समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार" भन्ने आदर्श वाक्यका साथ ३९ औं राष्ट्रिय शिक्षा दिवस तथा ५२ औ.अन्तर्राष्ट्रिय साक्षरता दिवस भरतपुर महानगरपालिका र शिक्षा विकास तथा समन्वय इकाई , चितवनको सयुंक्त आयोजनामा मिति २०७५।०५।२३ गते नारायणी माध्यमिक विद्यालय भरतपुरको प्राङ्गणमा सम्पन्न भयो ।

भरतपुर महानगरपालिकाका नगर प्रमुख श्री रेनु दाहालज्यूको अध्यक्षता र प्रतिनिधि सभा सदस्य,माननीय कृष्णभक्त पोखरेलज्यूको प्रमुख आतिथ्यतामा संचालित सो कार्यक्रममा चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जितेन्द्र बस्नेतज्यु, भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्र सुवेदीज्यू ,जिल्ला समन्वय समितिका सदस्य श्री कृष्ण अधिकारीज्यूको समेत उपस्थिति रहेको थियो ।त्यसै गरी कार्यक्रममा नेपाल कम्यूनिष्ट पार्टी चितवनका नेताद्धय याम बहादुर परियारज्यू तथा कृष्णराज न्यौपाने ( लम्ली) ज्यू लगायत जिल्लाका क्रियाशील राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,जिल्ला स्थित सुरक्षा निकायका प्रमुखज्यूहरु, शिक्षकका पेशागत संघ संगठनका केन्द्र एवं जिल्ला कार्यसमितिका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाइ सम्बोधन गर्नुहुदै प्रमुख अतिथि माननीय कृष्णभक्त पोखरेलज्यूले सुशासनयुक्त र नतिजामुखी शैक्षिक व्यवस्थापनका बारेमा चर्चा गर्दै संघीय संसदमा पेश भएको संघीय शिक्षा विधेयकलाई शिक्षकको हित अनुकुल बनाउने मात्र नभइ संविधानमा उल्लेखित शिक्षा सम्बन्धी मौलिक हक र नीतिको व्यवहारिक प्रत्याभूति हुने ढंगबाट परिमार्जन गर्न आफ्नो तर्फबाट संशोधन दर्ता गराएको समेत जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्नुहुदै महानगर प्रमुख रेनु दाहालज्यूले भरतपुर महानगरलाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्न लागि परेको र सोही बमोजिम महानगर शिक्षा ऐन ,विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि जारी गरिएको र आगामी दिनमा शिक्षा सम्बन्धी अन्य आवश्यक कानुनी व्यवस्था गर्दै जाने र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन प्रभावकारीतामा समेत महानगर संवेदनशील रहेको विचार व्यक्त गर्नुभयो । सामाजिक रुपान्तरणका लागि सिकाइ सहजीकरण प्रकृयालाई व्यवहारिक जीवनमूल्य र सामाजिक मूल्यसंग जोडेर शिक्षकहरुले पेशागत सान्दर्भिकता पुष्टि गर्नुपर्नेमा महानगर प्रमुखज्यूले जोड दिनु भयो ।

शैक्षिक प्रशासन महाशाखाका शाखा अधिकृत रुद्र शर्माले संचालन गर्नुभएको उक्त कार्यक्रममा सोही महाशाखाका प्रमुख भूमिलाल सुवेदीज्यूले स्वागत मन्तव्य तथा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख दीपेन्द्र सुवेदीज्यूले जिल्लाको शैक्षिक अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा वक्ताहरुले शिक्षालाई सामाजिक सांस्कृतिक रुपान्तरणको माध्यम बनाउनु पर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा विद्यार्थी सम्मान कार्यक्रम अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयतर्फ २०७४ सालको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा-८ मा सबैभन्दा बढी जी.पी.ए. प्राप्त गर्ने ८ जना विद्यार्थीहरु र २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा-१० मा सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने १३ जना विद्यार्थीहरुलाइ पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो ।

त्यसैगरी शिक्षक सम्मान कार्यक्रम अन्तर्गत स्रोतकेन्द्रगतरुपमा कक्षा ५ मा सबैभन्दा बढी सिकाइ उपलब्धी प्राप्त भएका १३ वटा विद्यालयका १३ जना विषय शिक्षकहरु ,२०७४ सालको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा-८ मा न्यूनतम ४५ जना भन्दा बढी विद्यार्थी सम्मिलित भएका विद्यालयमध्ये सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने ३१ जना विषय शिक्षकहरु ,२०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा-१० मा न्यूनतम ४५ जना भन्दा बढी विद्यार्थी सम्मिलित भएका विद्यालयमध्ये सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने २९ जना विषय शिक्षकहरुलाइ प्रमाणपत्र प्रदान गरियो ।

त्यस्तै विद्यालय सम्मान कार्यक्रम अन्तर्गत २०७४ सालको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा-८ मा न्यूनतम ४५ जना विद्यार्थी सम्मिलित भएका विद्यालयमध्ये सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने नारायणी नमूना माध्यमिक विद्यालय भरतपूर, अर्किड माध्यमिक विद्यालय भरतपुर तथा २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा-१० मा न्यूनतम ४५ जना विद्यार्थी सम्मिलित भएका विद्यालयमध्ये सबैभन्दा बढी औसत अंक प्राप्त गर्ने नारायणी नमूना माध्यमिक विद्यालय भरतपूर, सैनिक आवासीय महाविद्यालय खैरहनी र नेपाल माध्यमिक विद्यालय रत्ननगर लाई प्रमाणपत्र वितरण गरियो । साथै २०७५ साल भाद्र २३ देखि २०७६ साल भाद्र २२ गते सम्म सेवा निवृत्त हुनु हुने सामुदायिक विद्यालयका ३७ जना शिक्षकहरुलाइ दीर्घसेवी कदर पत्र समेत प्रदान गरियो ।

कार्यक्रममा शिक्षा दिवशको पूर्वसन्ध्यामा महानगरपालिकाद्धारा आयोजित आधारभूत विद्यालय स्तरीय चित्रकला तथा माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिताका विजेता विद्यार्थीहरुलाई पुरस्कार एवं प्रमाणपत्र समेत वितरण गरिएको थियो । विद्यार्थी

,शिक्षक, अभिभावक तथा स्थानीय शिक्षाप्रेमी लगायतका शैक्षिक सरोकारवालाहरुको सन्देशमूलक प्ले कार्ड र ब्यानरहरु सहितको शैक्षिक ऱ्याली चितवन मा.वि.बाट नारायणी नमूना मा.वि.मा पुगेपछि शुरु भएको सो कार्यक्रममा विभिन्न विद्यालयहरुबाट गरिएको विज्ञान प्रदर्शनी लगायतका विविध शैक्षिक प्रदर्शनी अवलोकनको व्यवस्था समेत मिलाइएको थियो ।






राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता
मूल समारोह
२०७५ भाद्र २३ (सेप्टेम्बर ८, २०१८)


समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवं दिगो शैक्षिक पूर्वाधार
औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दि
मूल समारोह


३६ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस
मूल समारोह
२०७५ भाद्र २३ (सेप्टेम्बर ८, २०१८)


अन्तराष्ट्रिय
विकास तथा




३९ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस-२०७५
"समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार,
दक्ष जनशक्ति विकास एवम् दिगो शैक्षिक पूर्वाधार"
माध्यमिक विद्यालयस्तरीय
वक्तृत्वकला प्रतियोगिता
२०७५/०५/२१
स्थान:
श्री नारायणी नमूना मा.वि.,
भरतपुर, चितवन
आयोजक
भरतपुर महानगरपालिका
शैक्षिक प्रशासन महाशाखा

